तेमाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरी नारायणस्थान, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल

☎ ०११ ६९११४९
www.temalmun.gov.np
temalmun2@gmail.com

**आर्थिक वर्ष २०७५/०७६ को औषधिहरु खरिद सम्बन्धमा तेमाल गाउँपालिकाको सिलबन्दी दरभाउपत्र सम्बन्धि सूचना**
**(सिलबन्दी दरभाउपत्र नं २०७५-०१)**
**प्रथम पटक प्रकाशित मिति २०७५/०७/१६**

१. यस कार्यालय अर्न्तगत विभिन्न स्वास्थ्य संस्थाहरुमा आ.व २०७५/०७६ को लागि आवश्यक औषधीहरु सिलबन्दि दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने भएकाले इच्छुक ,नेपाल सरकारको सम्बन्धित विभागमा रजिष्टर्ड फर्म/कम्पनी/सप्लायर्सहरुबाट रु १० को टिकट टाँस गरी निम्नानुसार शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । यस कार्यालयबाट रु. ३०००/-(तीन हजार मात्र) फिर्ता नहुने गरी कार्यालयको संचित कोष खाता ०७१००००००४CA मा बुझाई, फर्म/कम्पनी दर्ता प्रमाण पत्र, चालु आ.वा. को लागि नविकरण भएको इजाजतपत्र,मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी आ.वा., २०७४/७५ सम्मको कर चुक्ता प्रमाणपत्र प्रतिलिपि, (नोटरी पब्लिकबाट प्रमाणित गराइएको) संलग्न राखी निवेदन पेश गर्नुपर्नेछ ।

२. सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय सम्म दरभाउपत्र फाराम बिकी वितरण हुनेछ । खरिद भएको दरभाउपत्रहरु १६ औं दिनको १२:०० बजे भित्रमा यस कार्यालयमा दर्ता गरीसक्नु पर्नेछ । तत् पश्चात प्राप्त दरभाउपत्रहरु दर्ता गरिने छैन । एक बिकेताको नाउँमा बिकी भएको बोलपत्र अर्को बिकेताको नाउँमा दर्ता गरिने छैन । सोही दिनको २:०० बजे कार्यालयका प्रतिनिधि, दरभाउपत्रदाता वा नीजको प्रतिनिधिहरुको रोहवरमा सिलबन्दी दरभाउपत्र यस कार्यालयमा खोलिनेछ । दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खुल्ने अन्तिम दिन सार्वजजिक विदा परेमा उक्त कार्यहरु सो दिनको भोलिपल्ट सोही समयमा हुनेछ । बोलपत्र दाता वा नीजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३. दरभाउपत्र कवोल गरिएको दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दस्तखत गरेको हुनुपर्नेछ । दरभाउ पेश गर्दा मूल्य अभिवृद्धि करवाहेकको दररेट पेश गर्नुपर्नेछ । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ ।

४. दरभाउपत्र साथ आफूले कबोल गरेको अंकको जमानत वापत रु. ७५०००।-(अ- पचहत्तर हजार रुपैंया मात्र) रकम बराबरको बैंक मौज्दात वा तेमाल गाउँकार्यपालिकाको कार्यालय काभ्रेको सिटिजन्स बैंक इन्टरनेशनल लि. तेमाल स्थित हि.नं. ०७१००००००३CA मा नगद जम्मा गरी सोको सक्कलै भौचर वा कम्तिमा १ सय २० दिन अवधीको नेपाल राष्ट्र बैंकबाट'क' वर्गको मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक जमानत पत्र (Bid Security) सक्कल प्रति पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र दाताले खरिद प्रकृयामा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद प्रकृयामा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र पेश गर्नुपर्नेछ ।

६. दरभाउपत्र दाताले दरभाउपत्र खरिद गर्दा सम्बन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत, कार्यालयको छाप लगाएको दरभाउपत्र खरिद गर्नुपर्नेछ ।

७. दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउँदा कबोल अंकको ५ प्रतिशतले हुन आउने थप रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कार्यसम्पादन जमानतपत्र (Performance Bond) पेश गर्नुपर्नेछ । दरभाउपत्र स्वीकृत लागत अनुमान भन्दा १५ प्रतिशत भन्दा कम कवोल गरेमा १५ प्रतिशत भन्दा जति कम रकम कवोल गरेको छ सो को ५० प्रतिशत थप गरी कार्य सम्पादन जमानत पेश गर्नुपर्नेछ ।

८. सप्लाई हुने प्रत्येक औपाधिको व्याच नम्बर, म्याद गुज्रने मिति र नेपाल सरकारबाट निःशुल्क वितरणको लागि भनी लिखित रुपमा गरेको लिखित घोषण पत्र पेश गर्नुपर्नेछ । कार्यालय सम्म औषधिहरु आपूर्ति गर्न लाग्ने ढुवानी तथा अन्य करहरु दरभाउपत्र वाला स्वयंले व्यहोर्नूपर्नेछ । साथै सप्लाई हुने औषधिहरुको म्याद कम्तीमा १८ महिना हुनुपर्नेछ ।

९. आफूले सप्लाई गर्ने औषधिहरुको अधिकारपत्र (Authorized Letter) स्वदेशी कम्पनीको हकमा उत्पादकबाट र विदेशी कम्पनी भए आधिकारीक राष्ट्रिय आपूर्तिकर्ताहरु (Authorized National Suppliers) बाट लिई पेश गर्नुपर्नेछ ।

१०. यस सूचनामा छुट हुन गएको अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०७३ र सार्वजनिक खरिद नियमावली २०७४ तथा नेपाल सरकारको अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

११. दरभाउपत्र सम्बन्धि अन्य कुरा बुझ्न परेमा यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत